अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ , संख्याः ३, गोरखा, असार १२ गते २०८२ साल

## भाग- १

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८२ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ।

# अजिरकोट गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८२

# अजिरकोट गाउँपालिका

## अजिरकोट गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८२

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

# अजिरकोट गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८२

**प्रस्तावना** : अजिरकोट गाउँपालिका क्षेत्रभित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, पर्यावरण, खेलकुद, विकास वा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गरी सामाजिक र आर्थिक रुपान्तरण गर्ने कार्य गर्ने तथा समाज सुधारका निमित्त स्थापना भएका संस्थाहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न र कानून बमोजिम दर्ता भएका संघ संस्थाहरूको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी वनाउदैं गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन वाञ्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ठ) र दफा १०२ को दफा (१) ले दिएको अधिकार प्रयोग गरी अजिरकोट गाउँपालिकाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम “अजिरकोट गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्वन्धी ऐन, २०८२” रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

(३) यो ऐन अजिरकोट गाउँपालिका गाउँ क्षेत्रभित्र लागु हुनेछ ।

२. परिभाषा र व्याख्या : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) “गाउँसभा” भन्नाले अजिरकोट गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(ख) “गाउँपालिका” भन्नाले अजिरकोट गाउँपालिका सम्झनु पर्छ ।

(ग) “अध्यक्ष” भन्नाले अजिरकोट गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) “उपाध्यक्ष” भन्नाले अजिरकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) “स्थानीय अधिकारी” भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा कार्यालयले तोकेको व्यक्तिलाई सम्झनु पर्छ ।

(च) “संस्था” भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, विकास, पर्यावरण तथा परोपकारी कार्यहरूको विकास, प्रवर्द्धन एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लब, आमा समूह, अध्ययन केन्द्र, प्रतिष्ठान आदि सम्झनुपर्छ ।

(छ) “दातृ निकाय” भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून वमोजिम सहयोग गर्ने द्धिपक्षीय तथा वहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्दछ ।

(ज) “अन्तर्राष्ट्रिय गैर सरकारी संस्था” भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून वमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(झ) “कार्य समिति” भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति वा कार्य समितिलाई सम्झनुपर्छ ।

(ञ) “विधान” भन्नाले संस्थाको विधानलाई सम्झनुपर्नेछ ।

(ट) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने :**

(१) यस ऐन बमोजिम अजिरकोट गाउँपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाइने छैन ।

(२) प्रचलित नेपाल कानून बमोजिम अन्यत्र संस्था स्थापना गरी यस गाउँपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र बनाउदा यस

गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ । स्वीकृति नलिने संस्थाहरूलाई काम गर्न रोक लगाई कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

**४. संस्थाको दर्ता तथा सञ्चालन सम्वन्धी व्यवस्था :**

(१) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई स्थापना गर्न चाहेको संस्थाको विधानको २ (दुई) प्रति र तोकिएको दस्तुर सहित तोकिएको अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको नाम

(ख) उद्देश्यहरू

(ग) संस्थाको कार्यक्षेत्र र विषय

(घ) प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र तीनपुस्ते विवरण

(ङ) स्रोत साधन सम्वन्धी विवरण

(च) कार्यालय खोल्ने ठेगाना

(छ) पदाधिकारीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(३) दफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिइनेछ ।

(४) प्रचलित कानून वमोजिम अन्य निकायमा दर्ता भै स्थापना र संचालनमा रहेका संस्थाहरू यस ऐन वमोजिम दर्ता/सूचीकरण हुन साविक दर्ता प्रमाणपत्र संलग्न राखि निवेदन दिनुपर्नेछ। संस्थाको नामबाट कानूनले प्रतिबन्ध लगाएको कार्य गर्न पाइने छैन ।

(५) दफा (३) वमोजिम संस्था दर्ता गर्दा संस्थाको उद्देश्य र कामको प्रकृतिको आधारमा तोकिए बमोजिम वर्गीकरण गरिनेछ ।

(६) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा, अवधि, दर्ता, नवीकरण र दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने :** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेच विखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**६. संस्थासँग सहकार्य सम्वन्धी व्यवस्था:** गाउँपालिकाले तोकेको वा स्वीकृत गरेको कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही संस्थाहरूसँग सहकार्य गर्न सकिनेछ । सहकार्य सम्वन्धी विधि प्रक्रिया र सर्त तोकिए वमोजिम हुनेछ ।

**७. संस्थाको सम्पत्ति :** (१) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति राख्न सक्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा वा कब्जा गरेमा वा रोक्का राखेमा संस्थाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने वा कब्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट फिर्ता लिन सक्नेछ ।

(३) दफा (२) वमोजिम सम्पत्ति फिर्ता गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ ।

(४) दफा (२) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्ति वा संस्थाले गाउँ कार्यपालिकामा उजुरी गर्न सक्नेछ ।

(५) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै गैर कानूनी कार्य गरेमा संस्था, संस्थाको कुनै सदस्य वा तोकिएको अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाका छ कारवाही चलाउन सक्नेछ ।

**८. संस्था गाभ्ने गाभिने वा उद्देश्यमा हेरफेर :** (१) संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखिएमा वा संस्थामा कुनै अर्को संस्थालाई गाभ्न वा अर्को सँस्थासँग गाभिन उचित देखेमा कार्य समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव र छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभा सञ्चालनका लागि आवश्यक गणपुरक सदस्य संख्याको वहुमत सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न तोकिएको अधिकृतको पूर्व स्वीकृति लिनु पर्ने छ ।

**९. हिसाबको विवरण पेश गर्नु पर्ने** : कार्य समितिले आफ्नो संस्थाको कामको प्रगति, हिसाबको विवरण र लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने :** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफूले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्धारा जाँच गर्न गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको समयमा जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको

कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ। अन्य प्रचलित कानून अनुसार सजायसमेत हुने अपराध भएकोमा अन्य प्रचलित कानून बमोजिम निजलाई मुद्दा चलाउन बाधा पर्ने छैन

**११. निर्देशन दिने :** गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**१२. दण्ड र सजाय :** (१) ऐनको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना वा सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरूलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैया सम्म जरीवाना गर्न सक्ने छ।

(२) दफा ९ बमोजिमको विवरण पेश नगरेमा प्रवन्ध समितिका सदस्यहरूलाई प्रमुख प्रशासकीय अधिकृतले जनही दुई सय रुपैया सम्म जरिवाना गर्न सक्नेछ। तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजलाई सजाय मिनहा दिन सक्नेछ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्न सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँच सय.रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभ्ने गाभिने निर्णय गरेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी कामकारवाही गरेमा

वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन :** (१) प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय ३५ दिन भित्र कार्यपालिकामा पुनरावेदन लाग्ने छ ।

(२) कार्यपालिको निर्णय उपर चित्त नबुझेमा जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**१४. संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकाको हुनेछ ।

(२) दफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व गाउँपालिकाले व्यहोर्ने छैन ।

**१५. अन्तराष्ट्रिय गैर सरकारी संस्था सम्वन्धी व्यवस्थाः** कुनै पनि अन्तराष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानून वमोजिम अजिरकोट गाउँपालिका क्षेत्रभित्र कार्य गर्दा अजिरकोट गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति प्रदान गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१६. अन्यः नेपालको ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने** : यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित नेपालको कानून बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता गरी स्वीकृति लिएर मात्र स्थापना वा संचालन गर्नुपर्नेछ ।

**१७. नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ सभा/गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**१८. खारेजी र बचाउ :** (१) संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानूनसँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**प्रमाणीकरण मितिः** २०८२|०३|१०

**आज्ञाले**

**रचना बुढाथोकी**

**प्रमुख प्रशासकीय अधिकृत**